२०७३ श्रावण ३१ गतेको राष्ट्रिय दैनिक राजधानीमा प्रकाशित सुचना

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

## सङ्खुवासभा,खाँदवारी

**प्रकाशित मिति ०७३/४/३१**

**आ.व.०७३/०७४ को आन्तरिक आय ठेक्का बन्दोबस्त बोलपत्र आव्हानको सुचना ।**

स्थानीय स्वायत्त शासन ऐन २०५५,स्थानीय स्वायत्त शासन नियमावली २०५६(चौथो संशोधन २०६६ सहित) स्थानीय निकाय ( आर्थिक प्रशासन)नियमावली २०६४ तथा राजस्व परामर्श समितिको सिफारिसमा जिल्ला परिषद्ले निर्धारण गरे बमोजिम यस कार्यालयले लगाउन सक्ने विभिन्न करहरु मध्य यस जिल्लाको क्षेत्राधिकार भित्र रहेका निम्न ठेक्का नं. अनुसार **जिल्ला भित्र उत्पादन भै निकासी हुने माल बस्तु तथा बन पैदावर,कानुनले निषेधीत बाहेक पशुको हाड,सिङ,छाला, पंक्षी प्वाख निकासी कर र जिल्ला भित्रका खोला तथा नियमानुसार स्वीकृत खानीहरुको ढुङ्गा,गिटी,बालुवा,रोडा,ग्राभेल** विक्रि कर (प्राकृतिक स्रोत उपयोग कर) को आय ठेक्का आ.व.०७३/०७४ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनी संस्थाहरुबाट आफ्नो फर्मको ०७२/०७३ मा नविकरण भएको प्रमाण पत्र,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र,कर चुक्ता प्रमाण पत्र पेश गरि सुचना प्रकासन भएको मितिले १५ दिन भित्र निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक सिलवन्दी बोलपत्र दाखिला गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**ठेक्काको विवरण**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम बार्षिक ठेक्का अंक (भ्याट बाहेक ) रु | बोलपत्र खरिद दस्तुर | दाखिला अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | १/०७३/०७४ | जिल्ला भित्र उत्पादन भै निकासी हुने माल बस्तु,निकासी कर तथा बन पैदावर,कानुनले निषेधीत बाहेक पशुको हाड,सिङ,छाला तथ पंक्षी प्वाख निकासी कर | ७६,४८,०००।- | १,०००।- | १६ औ दिन |
| २ | २/०७३/०७४ | जिल्ला भित्रका खोला स्वीकृत खानीहरुको ढुङ्गा, गिटी ,बालुवा,रोडा,ग्राभेल स्रोत उपयोग कर | २३,३३,०००।- | १,०००।- | १६ औ दिन |

बोलपत्र सम्बन्धी शर्तहरु तथा दररेट सम्बन्धी विवरणहरु यस कार्यालयको वेभ साई www.ddcsankhuwasabha.gov.np र यस कार्यालयको अतिरिक्त जिल्ला प्रशासन कार्यालय,कोष तथा लेखा नियन्त्रक कार्यालय र नगरपालिका कर्यालयहरुमा समेत सुचना टाँस गरिनेछ । अन्य कुराहरु बुझ्नु परेमा कार्यालयको फोन नं.०२९-५६०१४४,१४३ मा सम्पर्क गर्न सकिनेछ ।

**शर्तहरु**

१) बोलपत्र फारम खरिद गर्ने संस्था,कम्पनी,फर्मले आ.व.०७२/०७३ सम्मको नविकरण भएको ईजाजत पत्र,मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित तोकिएको रकम बुझाई १५ औ दिनको कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२) जसको नामबाट बोलपत्र फारम खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नामबाट बोलपत्र दाखिला गर्न पाउनेछ । यस कार्यालयबाट प्रमाणित नभएका बोलपत्र लाई मान्यता दिईने छैन ।

३) सुचना प्रकाशित भएको मितिले १५ औ दिन भित्र खरिद भएको बोलपत्र फारमहरु १६ औ दिनको १२.०० बजे भित्र यस कार्यालयमा सिलवन्दी गरि दर्ता गराई सक्नु पर्नेछ ।

४) बोलपत्र साथ धरौटी बापतको रकम आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रा.वा.वैक खाँदवारी मा रहेको धरौटी खाता नं. ग-३-१ मा जम्मा गरेको सक्कलै बैक भौचर वा कार्यालयको नाममा मान्यता प्राप्त बाणिज्य बैकहरुबाट जारी गरिएको कम्तीमा ३ महिना म्याद भएको बैक ग्यारेन्टी (विड बण्ड)संलग्न हुनुपर्नेछ ।

५) तोकिएको समय भित्र दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु दाखिला गर्ने अन्तिम वा १६ औ दिनको २.०० बजे कार्यालयका प्रतिनिधी,बोलपत्र दाता वा निजका प्रतिनिधीहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । सो समयमा बोलपत्र दाता वा निजका प्रतिनिधीहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) बोलपत्रको खाममा ठेक्का नं.,ठेक्काको नाम र बोलपत्र दाताको नाम ठेगाना स्पष्ट रुपमा लेखी फर्मको छाप लगाई सिलवन्दी लाहाछाप गरि बोलपत्र पेश गर्नुपर्नेछ ।

७) बोलपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । कुनै व्यहोरा वा रकम सच्चाएको भएमा सच्चाएको ठाउँमा दस्तखत भएको हुनुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ

८) ठेक्का कबोल गर्ने संघ,संस्था,फर्म,कम्पनीले नियमनुसारको VAT थप गरि कर शुल्क उठाउन पाउने भएकोले आफुले कबोल गरेको अंकको १३ प्रतिशत VAT समेत कार्यालयमा बुझाउनु पर्नेछ ।

९) ठेकेदारले कबोल गरेको कुल रकमको ३३ प्रतिशत (पहिलो किस्ता) ठेक्का सम्झौता गरि कार्यादेश लिन अघि र त्यस पछिको ६७ प्रतिशत रकम २ भाग लगाई ०७३ कार्तिक मसान्तमा दोस्रो र ०७३ फाल्गुन मसान्तमा तेस्रो किस्ता बुझाउनु पर्नेछ ।

१०) ठेक्का सम्झौता भई कार्यादेश लिनु अगावै ठेक्का रकम एकमुष्ठ बुझाउनेको हकमा १० प्रतिशत सम्म रकम छुट दिन सकिनेछ ।

११) ठेकेदारले एकमुष्ठ बुझाउनेको हकमा छुट पाउने बाहेकको रकम दाखिला गरिसके पछि र किस्ता बुझाउनेको हकमा सम्झौता गर्दा पहिलो किस्ता सहित (बाकी २ किस्ता) रकमको कार्यालयको नाममा ०७४ श्रावण मसान्तसम्मको लागि मान्यता प्राप्त बाणिज्य बैकहरुले जारी गरेको कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड)पेश गरे पछि मात्र ठेक्का सम्झौता गरि स्थायी कार्यादेश दिईनेछ । अस्थायी कार्यादेश दिइने छैन ।

१२)ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकार वा अन्य संघ संस्थालाई बुझाउनु पर्ने कर ,दस्तुर,शुल्क आदी ठेकेदार स्वंमले बुझाउनु पर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइनेछैन ।

१३)ठेक्का चलन गर्दा प्रचलित कानुन अनुसारको नगदी रसिद आफ्नै तर्फबाट छपाई यस कार्यालयमा छपाईको  लगत पेश गरेर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयोग गर्नुपर्नेछ । साथै प्रयोग भएका नगदी रसिदहरुको विवरण र निकालिएको ढुङ्गा,गिटी,बालुवा आदीको परिमाण मासिक रुपमा महिना भुक्तान भएको ७(सात) दिन भित्र एक प्रति उपलव्ध गराउनु पर्नेछ ।

१४)ठेक्का स्वीकृत भएपछी तोकिएको म्याद भित्र कार्यादेश नलिएमा धरौटी रकम नियमानुसार जफत गरि कानुन बमोजिम हुनेछ ।

१५) म्याद नाघी ,रित नपुगी र शर्त राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारबाही गरिने छैन ।

१६) बोलपत्र फारम खरिद गर्ने र दाखिला गर्ने  अन्तिम दिन सार्वजनिक विदा भएमा सोको भोलिपल्ट तत तत कार्यहरु हुनेछ ।

१७) ठेकेदारले सुचनामा उल्लेख भए बमोजिमका दरमा मात्र कर,शुल्क,दस्तुर संकलन गर्नुपर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाँट वा तगारो राखी कर संकलन गर्न पाईनेछैन ।

१८) ठेकेदारले ठेक्का स्वीकृत भई सकेपछी विभिन्न बन्द,हडताल,लगायतका अन्य अवरोधको कारणले गर्दा कर असुली गर्न अप्ठयारो पर्न गयो भनि कुनै पनि किसिमको छुट माग्न पाईनेछैन । जि.वि.स.ले कुनै किसिमको छुट,मिनाह दिने छैन ।

१९) ठेकेदारले निर्धारित दररेट भन्दा बढि दररेट लिई रकम असुल गरेको पाईएमा सोको हुने दोव्वर रकम सम्बन्धीतलाई फिर्ता गर्न लगाईनेछ ।

२०) कार्यालयलाई बुझाउनु पर्ने बाकी बक्यौता  रकम हालसम्म नबुझाउनेले बोलपत्र फारम खरिद गर्न पाउने छैन ।

२१) दुवै पक्षको सहमतीमा बार्षिक १० प्रतिशत बृद्धि सहित थप २ आ.व.सम्म ठेक्का सम्झौताको म्याद थप गर्न सकिनेछ ।

२२) ढुङ्गा,गिटी,बालुवाको हकमा अषाढ,श्रावण र भाद्र महिनामा उतखनन् गर्न पाउने छैन,तर IEE मा नै उत्खनन् गर्न पाउने उल्लेख भएको अवस्थामा उक्त शर्त लागु हुने छैन ।

२३) यस जिल्लाको खा.न.पा. १३ स्थित मनकामना मन्दिरको वाताबरणिय धार्मिक तथा सांस्कृति पर्यावरणलाई दृष्टिगत गरि मनकामना मन्दिर क्षेत्र अरुण नदीको सतिघाट झो.पु.देखी २०० मिटर उत्तरबाट दक्षिण तर्फ र लामीवगरको सिरान खोली चहुरको टापु देखी उत्तरको क्षेत्रमा तथा सभाखोला अरुण नदी दोभान स्थित सिद्धेश्वर मन्दिर परिसर क्षेत्रमा ढुङ्गा,गिटी,बालुवा आदी खोला जन्य बस्तहरु निकाल्न निषेधित क्षेत्र कायम भएकोले उक्त ठाउँबाट निकाल्न पाईने छैन ।

२४) ढुङ्गा,गिटी,बालुवाको हकमा निम्न खोला,नदी तथा स्वीकृत प्राप्त खानीहरुबाट निम्नानुसारको उत्खनन् वा संकलन गर्न पाउने छ ।

| सि. नं. | नदी वा खोलाको नाम | स्रोत बस्तु | बार्षिक संकलन परिमाण (घ.मि.) | उत्खनन् क्षेत्र | करको दर रु (प्रति क्यु.वि.फिट ) |
|---|---|---|---|---|---|
| १ | पिलुवाखोलाको दुवै किनार | बालुवा,गिटी र मिस्कट | ३२४० | चै.न.पा.,मादी न.पा.को मायाखोला दोभान माथी | २ |
| २ | हेवाखोलाको दवै किनार | बालुवा,गिटी र मिस्कट | १४०८० | चै.न.पा.,जलजला गाविसको चैनपुर बाह्विसे हरित सडक आसपास | २ |
| ३ | सभाखोलाको दायाँ किनार | ढुङ्गा,बालुवा र गिटी | ४६८५ | सभाखोलाको पुल भन्दा ५०० मि तल | २ |
| ४ | सभाखोलाको बायाँ किनार | ढुङ्गा,बालुवा र गिटी | ७३५० | सभाखोलाको पुल भन्दा ५०० मि माथी | २ |
| ५ | अरुण नदीको दायाँ किनार | ढुङ्गा,बालुवा र गिटी | १२७५० | अरुण नदी र सभाखोला दोभान | २ |
| ६ | अरुण नदीको बायाँ किनार | ढुङ्गा,बालुवा र गिटी | १५३०० | मनकामना क्षेत्र भन्दा माथी | २ |
| ७ | स्वीकृत प्राप्त खानीहरु | ढुङ्गा,बालुवा र गिटी | | नियमानुसार स्वीकृत प्राप्त निजी खानीहरु | २ |

२५) यस सुचनामा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र अन्य छुट भएका कुराहरुको हकमा यससंग सम्बन्धीत ऐन,नियम र नियमावलीको साथै प्रचलित कानुन बमोजिम हुनेछ ।

स्थानीय विकास अधिकारी